**आकाशवाणी समाचार- नेपाली**
मितिः २५ जनवरी २०२५
समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नु हुनेछ।

२. आज देशभर १५ औं राष्ट्रिय मतदाता दिवस मनाइँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु नयाँ दिल्लीमा आयोजना हुने मुख्य समारोहमा सहभागी हुनुहुनेछ।

३. प्रधानमन्त्री नरेन्द्र मोदी र इन्डोनेसियाका राष्ट्रपतिमाझ आज नयाँ दिल्लीमा द्विपक्षीय सम्बन्धको विस्तृत समीक्षा र पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा छलफल हुनेछ।

४. केन्द्रीय मन्त्री अश्विनी वैष्णवले स्विट्जरल्याण्डको दाभोसमा आयोजित विश्व आर्थिक मञ्चमा विश्वलाई भारततर्फ आकर्षित गर्न विश्वास र प्रतिभा दुई सबैभन्दा महत्त्वपूर्ण पक्ष भएको बताउनु भएको छ।

५. उत्तर प्रदेश सरकारले २९ जनवरीमा मौनी अमावस्याको अवसरमा महाकुम्भ मेलामा लगभग दश करोड भक्तजन पुग्ने आशा व्यक्त गरेको छ।

**राष्ट्रपति - राष्ट्रलाई सन्देश**

राष्ट्रपति द्रौपदी मुर्मुले आज गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नु हुनेछ। यो सम्बोधन साँझ ७ बजेदेखि आकाशवाणीको सम्पूर्ण राष्ट्रिय नेटवर्क र सबै दूरदर्शन च्यानलहरूमा हिन्दी र अंग्रेजीमा प्रसारण हुनेछ। दूरदर्शनमा हिन्दी र अंग्रेजीमा सम्बोधन प्रसारण भएपछि यसलाई दूरदर्शनका क्षेत्रीय च्यानलहरूमा क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गरिनेछ। आकाशवाणीले यसलाई आफ्नो क्षेत्रीय नेटवर्कमा क्षेत्रीय भाषाहरूमा राति ९:३० बजे प्रसारण गर्नेछ।

****** ० ******

**राष्ट्रिय मतदाता दिवस**

आज देशभर १५ औं राष्ट्रिय मतदाता दिवस मनाइँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु नयाँ दिल्लीमा आयोजना हुने मुख्य समारोहमा सहभागी हुनुहुनेछ। यस अवसरमा केन्द्रीय कानून तथा न्याय मन्त्री अर्जुन राम मेघवाल, प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू उपस्थित हुनेछन्। यस कार्यक्रममा विभिन्न देशका निर्वाचन व्यवस्थापन निकायका प्रतिनिधि र प्रमुखहरू पनि सहभागी हुनेछन्। यस वर्षको मतदाता दिवसको नारा **"नथिंग लाइव वोटिंग, आई वोट फोर श्योर"** रहेको छ।समारोहको क्रममा राष्ट्रपति मुर्मुले निर्वाचन सुचारु रूपमा सञ्चालन गरेकोमा राज्य र जिल्ला अधिकारीहरूलाई उत्कृष्ट अभ्यास पुरस्कार प्रदान गर्नु हुनेछ।

****** ० ******

**भारत-इन्डोनेसिया वार्ता**

प्रधानमन्त्री नरेन्द्र मोदी र इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियान्तोले आज नयाँ दिल्लीमा वार्ता गर्नेछन्। दुई नेताहरूले द्विपक्षीय सम्बन्धको विस्तृत समीक्षा गर्नेछन् र पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नेछन्। वार्तापछि धेरै सम्झौताहरूमा हस्ताक्षर हुने सम्भावना छ। राष्ट्रपति सुबियान्तो भारतको चार दिने भ्रमणका लागि हिजो नयाँ दिल्ली आइपुग्नु भएको छ।

****** ० ******

**दिल्ली मेट्रो सेवाहरू**

गणतन्त्र दिवस समारोह हेर्न जनतालाई ड्युटी मार्गमा पुग्न सहज बनाउन दिल्ली मेट्रोले भोलि बिहान ३ बजेदेखि सबै लाइनहरूमा आफ्नो सेवा पुनः सुरु गर्नेछ। दिल्ली मेट्रोका अनुसार रेलहरू बिहान ६ बजेसम्म ३० मिनटको अन्तरालमा चल्नेछन्, त्यसपछि दिनको बाँकी समय नियमित समयतालिका अनुसार चल्नेछ। दिल्ली मेट्रोले यात्रुहरूलाई आफ्नो यात्राको योजना तदनुसार बनाउन र अन्तिम समयमा हुने कुनै पनि असुविधाबाट बच्न बिहानको मेट्रो सेवाहरू प्रयोग गर्न प्रोत्साहित गरेको छ।

****** ० ******

**सचिव-समीक्षा**

आकाशवाणी र दूरदर्शनले २६ जनवरीमा कर्तव्य मार्गबाट ७६ औं गणतन्त्र दिवस परेडको प्रत्यक्ष कभरेज गर्नेछन्। यो आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्कका साथै ओटीटी प्लेटफर्म वेभ्समा प्रसारण हुनेछ। कर्तव्यको पथमा तयारीको समीक्षा गर्न, सूचना तथा प्रसारण सचिव संजय जाजुले भोलि प्रत्यक्ष कभरेजको लागि आकाशवाणी र दूरदर्शनले गरेको तयारीको समीक्षा गर्नुभयो। आकाशवाणी र दूरदर्शनका टोलीहरूको प्रयासको प्रशंसा गर्दै श्री जाजुले यस महत्त्वपूर्ण राष्ट्रिय कार्यक्रमको प्रसारण सुनिश्चित गर्न सबैजना काम गरिरहेको बताउनु भयो। उहाँले भन्नु भयो, गणतन्त्र दिवस परेडको सहज प्रसारण सुनिश्चित गर्न क्यामेरा र अप्टिकल फाइबर लाइनहरू बिछयाइएको छ।प्रसार भारतीका सीईओ गौरव द्विवेदीले यस पटक उच्च गुणस्तरको तस्विर रिजोल्युसन सुनिश्चित गर्न ४ के क्यामेरा जडान गरिएको बताउनु भयो, जुन पहिलेको तुलनामा आठ गुणा राम्रो छ। उहाँले परेड ओटीटी प्लेटफर्म वेभ्समा प्रसारण हुने पनि जानकारी दिनु भयो।

****** ० ******

**गोयल-सफाई (मुम्बई मेट्रो)**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले उत्तर मुम्बईलाई सफा बनाउन समाजको हरेक वर्गले योगदान दिनु पर्नेमा जोड दिनु भएको छ। बृहन्मुम्बई महानगरपालिकाको 'आर साउथ' वार्डद्वारा आयोजित 'संसद स्वच्छता अभियान' लाई सम्बोधन गर्दै श्री गोयलले भन्नु भयो, सरसफाइ कायम राख्नु महानगरपालिकाको जिम्मेवारी भए पनि यो प्रशासनको मात्र काम होइन। सर सफाइका लागि सरकार, प्रशासन र नागरिकहरूको सामूहिक प्रयास आवश्यक पर्दछ। उहाँले सरसफाइ पहलसँगै प्रशासनले १०० वटा सार्वजनिक शौचालय मर्मत गर्न १०० दिने अभियान सञ्चालन गर्नु पर्नेमा जोड दिनु भयो।

****** ० ******

**ईडी - छापा**

प्रवर्तन निर्देशनालय – ईडीले टोरेस ज्वेलरी चलाउने प्लेटिनम हर्न प्राइभेट लिमिटेडको धोखाधडी लगानी योजनाहरूको सम्बन्धमा सम्पत्ति शुद्धीकरण रोकथाम ऐन (PMLA) लागू गरेको छ। यसअन्तर्गत मुम्बई र जयपुरका १३ स्थानमा छापा मारिएको छ। कम्पनीले गहना र रत्नमा लगानी गर्दा साप्ताहिक २ देखि ९ प्रतिशत प्रतिफल दिने वाचा गरेर लगानीकर्ताहरूलाई लोभ्याएको आरोप छ, जबकि बढाइएको मूल्य र झूटा मूल्यांकन दाबीहरू दिएर उनीहरूलाई भ्रमित गरेको आरोप छ। १३.७८ करोड रुपियाँको शंकास्पद कागजात, डिजिटल प्रमाण र शंकास्पद कारोबार पत्ता लाग्यो, जसले गर्दा सम्बन्धित बैंक खाताहरूमा २१.७५ करोड रुपियाँ फ्रिज गरियो। मुख्य अभियुक्तहरूमा सर्वेश सुर्वे, भिक्टोरिया कोभालेन्को, तौफिक रियाज उर्फ जोन कार्टर र अन्य समावेश छन्। कम्पनीका कार्यालयहरू र निर्देशकहरू र सहयोगीहरूको आवासीय परिसरमा छापा मारिएको थियो, जसले हवाला अपरेटरहरू र शेल संस्थाहरूसँग थप लिङ्कहरू पत्ता लगाएको थियो। थप अनुसन्धान भइरहेको छ।

****** ० ******

**वैष्णव-दाभोस**

केन्द्रीय मन्त्री अश्विनी वैष्णवले विश्वलाई भारततर्फ आकर्षित गर्न विश्वास र प्रतिभा दुई सबैभन्दा महत्त्वपूर्ण पक्ष भएको बताउनु भएको छ। स्विट्जरल्याण्डको दाभोसमा आयोजित विश्व आर्थिक मञ्चमा मिडियासँग कुरा गर्नु हुँदै श्री वैष्णवले विश्वले सामना गरिरहेका सबै अवरोध र समस्याहरूको बाबजुद पनि भारत बौद्धिक सम्पदा अधिकारको सम्मान गर्ने एक धेरै विश्वसनीय देशको रूपमा देखा परेको बताउनु भयो। उहाँले भन्नु भयो, भारतले विश्वलाई स्पष्ट रूपमा देखाएको छ कि यो एक यस्तो देश हो जसले शान्ति, सबैका लागि विकास र हरेक परिस्थितिमा समावेशी विकासमा विश्वास गर्दछ।श्री वैष्णवले भन्नु भयो, विश्वव्यापी कम्पनीहरू भारतप्रति धेरै उत्साहित छन्, अवस्थित कम्पनीहरूले विस्तार गर्ने योजना बनाइरहेका छन् र धेरै नयाँ कम्पनीहरू देशमा आफ्नो व्यवसाय स्थापना गर्न चाहन्छन्। उहाँले भन्नु भयो, लगानीकर्ताहरूले प्रौद्योगिकी, सेमीकंडक्टर, आर्टिफिशियल इंटेलिजेंस, इलेक्ट्रॉनिक्स विनिर्माण, अनुसंधान र डिजाइन लगायत धेरै क्षेत्रहरूमा रुचि देखाइरहेका छन्। श्री वैष्णवले धेरै नयाँ सेमीकंडक्टर

कम्पनीहरूले पनि चासो देखाएको बताउनु भयो भने इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले पनि नयाँ चिपसेट विकास गर्ने काम सुरु गरेको बताउनु भयो।

****** ० ******

**महाकुम्भ-भीड व्यवस्थापन**

उत्तर प्रदेश सरकारले २९ जनवरीमा मौनी अमावस्याको अवसरमा महाकुम्भ मेलामा लगभग दश करोड भक्तजन पुग्ने आशा व्यक्त गरेको छ। यसलाई ध्यानमा राख्दै, राज्य सरकारले ट्राफिक र भीडको प्रभावकारी व्यवस्थापनको लागि व्यापक उपायहरू अपनाउँदैछ। महाकुम्भ मेलालाई पाँच डिभिजन र २५ क्षेत्रहरूमा विभाजन गरिएको छ। मौनी अमावस्याको लागि भक्तजनको सुरक्षित र निर्बाध आवागमन सुनिश्चित गर्न मेला प्रशासनले कुनै कसर बाँकी राखेको छैन। कुम्भ मेलामा पवित्र स्नान अनुष्ठानको अत्यन्त महत्त्व रहेको छ।

****** ० ******

**महाकुम्भ-ड्रोन प्रदर्शन**

उत्तर प्रदेशको प्रयागराजमा जारी महाकुम्भ मेलामा हिजो महाकुम्भ नगरको सेक्टर-७ मा तीन दिने ड्रोन प्रदर्शनी सुरु भयो। यो राज्य पर्यटन विभागद्वारा आयोजना गरिएको हो। यसमा सयौं ड्रोनहरूले रातको समयमा आकाशमा आफ्नो स्टन्ट देखाइरहेका छन्। अमृत कलश र समुद्र मन्थनसँगै भक्तहरूको भक्तिभावले दर्शकहरूलाई मन्त्रमुग्ध पारिरहेको छ। ड्रोन शोले महाकुम्भको आध्यात्मिक र सांस्कृतिक महत्व प्रदर्शन गर्‍यो, जसले दर्शकहरूमा स्थायी छाप छोड्यो।

****** ० ******

**जम्मू कश्मीर-एसआईटी-सम्पत्तिहरू जफत**

जम्मू कश्मीरमा आतंकवादी सञ्जाललाई ठूलो झट्का दिँदै, विशेष अनुसन्धान टोली – एसआईटीले किश्तवाड जिल्लामा पाकिस्तान-आधारित एघार आतंकवादी कमाण्डरहरूको करोडौं रुपियाँको सम्पत्ति जफत गरेको छ। जफत गरिएका सामानहरूमा जग्गा र सम्पत्तिहरू समावेश छन्। हाम्रो जम्मू संवाददाताले जानकारी गराए अनुसार यो अपरेशन आतंकवादबाट उत्पन्न खतरालाई कम गर्न र यस क्षेत्रमा आतंकवादी पूर्वाधारलाई ध्वस्त पार्न सरकारको बृहत् रणनीतिको एक हिस्सा हो।

****** ० ******

**त्रिपुरा-स्टार्टअप नीति**

त्रिपुरामा मुख्यमन्त्री प्रो. डा. माणिक साहले युवाहरू अगाडि बढेमा मात्र देश र राज्यको प्रगति हुने बताउनु भएको छ। उहाँले युवाहरू देश र राज्यको वास्तविक सम्पत्ति भएको बताउनु भयो। हिजो अगरतलाको प्रज्ञा भवनमा त्रिपुरा स्टार्टअप नीति-२०२४ को सुरुवात गर्नु भएपछि बोल्नु हुँदै उहाँले यस्तो बताउनु भएको छ।यस अवसरमा मुख्यमन्त्रीले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीले सधैं युवाहरूको शक्ति, नवीनता र आत्मनिर्भरतामा जोड दिनुहुन्छ ताकि उनीहरूले रोजगारी बाहेक अन्य माध्यमबाट जीविकोपार्जन गर्न सकून्। यो नीतिले स्टार्टअप उद्यमशीलताको उनीहरूको सपना साकार पार्न महत्त्वपूर्ण भूमिका खेल्नेछ। मुख्यमन्त्रीले विकसित भारत निर्माणमा स्टार्टअप्सको भूमिकामाथि प्रकाश पार्नु भयो। उहाँले राज्यको आर्थिक विकासमा उत्प्रेरक भूमिका खेल्ने वातावरण सिर्जना गर्नु पर्नेमा जोड दिनु भयो।यस अवसरमा त्रिपुरा स्टार्टअप भेन्चर क्यापिटल फन्डबाट एउटा कम्पनीलाई ७५ लाख रुपियाँको चेक प्रदान गरियो र दुई कम्पनीलाई योग्यता प्रमाणपत्र प्रदान गरियो। स्थानीय रोजगारी र आर्थिक वृद्धिलाई बढावा दिन नयाँ नीतिको प्रचार गरिएको छ। यो हस्तकला, ह्यान्डलूम, बागवानी, कृषि प्रशोधन र स्वास्थ्य सेवा जस्ता विविध उद्यमशीलता र अन्य क्षेत्रहरूका एकाइहरूलाई विस्तार र समर्थन गर्न डिजाइन गरिएको हो।

****** ० ******

**क्रिकेट**

भारत र इङ्ग्ल्याण्डबीचको पाँच म्याचको ट्वान्टी-२० क्रिकेट शृङ्खलाको दोस्रो म्याच आज चेन्नईको एमए चिदम्बरम स्टेडियममा खेलिनेछ। यो म्याच साँझ सात बजे शुरु हुनेछ। सूर्यकुमार यादवको कप्तानीमा भारतीय टोलीले शृङ्खलामा १-० को अग्रता लिएको छ।बुधबार कोलकातामा भएको पहिलो म्याचमा भारतले इङ्ल्यान्डलाई ७ विकेटले पराजित गरेको थियो।

****** ० ******

**हक्की इन्डिया लिग**

हिजो राँचीमा भएको पुरुष हक्की इन्डिया लिगमा श्रचिया राधे बंगाल टाइगर्सले कलिंगा लान्सर्सलाई ५-३ ले पराजित गरेको छ। जुगराज सिंहले दुई गोल गरेपछि बंगाल टाइगर्सले कालिंगा ल्यान्सर्समाथि ५-३ को रोमाञ्चक जित हात पारेको छ। जुगराज

बाहेक टाइगर्सका लागि रुपिन्दर पाल सिंह, अभिषेक र प्रदीप सिंह सन्धुले गोल गरे भने लान्सर्सका लागि अंगद वीर सिंह, थिएरी ब्रिङ्कम्यान र अलेक्ज्याण्डर हेन्ड्रिक्सले गोल गरेका थिए।

****** ० ******